जि.प्र.का. काठमाडौं
द.नं. ४०२/०५१/०५२

नेपालका आदिवासीहरुको मानवअधिकार सम्बन्धी वकिल समूह
लाहुर्निप
२०५१
काठमाडौं, नेपाल

# नेपालका आदिवासीहरुको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

च.नं. : ६०
प.सं. : 2063/064

मितिः २०७३/०८/२५

## प्रेस विज्ञप्ती

नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ६८औं विश्व मानवअधिकार दिवसको अवसरमा विश्व भरका मानव समुदायप्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं । त्यस्तै शान्ति र मानवअधिकारका लागि महत्वपूर्ण योगदान दिने ज्ञात अज्ञात व्यक्तित्वहरूलाई पनि यो अवसरमा सम्झन चाहन्छौं ।

नेपालमा ऐतिहासिक रुपमा विभेदमा पारिएका तथा मानव अधिकार हननका पीडितहरूप्रति ऐक्यवद्धता जाहेर गर्दै सबैको मानवअधिकारको सम्मान तथा रक्षाका लागि यो विशेष दिनमा प्रेरणा मिलोस् भन्ने कामना गर्दछौं ।

गत वर्ष नेपालका आदिवासीहरू मानव अधिकार हननबाट बढी पीडित भए र अद्यापि भइरहेका छन् । आफ्नो पहिचान तथा अधिकारको माग राखी राजनीतिक गतिविधि गरेको आधारमा संगठित अपराध तथा राज्य विरुद्धको अपराध जस्ता गम्भीर प्रकृतिका मुद्दालाई राजनीतिक अधिकारलाई अपराधीकरण गरी कतिपयलाई राजनैतिक, वैयक्तिक अधिकार लगायतका अधिकार कुन्ठित गर्ने काम राज्यबाट भई रहेको छ । संविधानका प्रावधानहरू आदिवासीहरूको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक तथा धार्मिक अधिकारका विरुद्धमा छन् । विश्व मानवअधिकार दिवसको यस अवसरमा राज्य तथा सम्बन्धित निकायहरूको यस प्रकारका घटनाहरुप्रति गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

विभिन्न विकास परियोजनाबाट आदिवासीमाथि हुने र भइरहेका विस्थापन, उनीहरूको धार्मिक तथा सांस्कृतिक स्थलहरूको विनास हुने क्रम रोकिएका छैनन् । जसले गर्दा उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार समेत हनन भएका छन् । यसतर्फ पनि राज्य तथा व्यापारिक निकायहरूको ध्यान जान जरुरी छ ।

यस वर्षको विश्व मानवअधिकार दिवसको नारा Stand up for someone's rights today रहेको छ । तसर्थ, विश्व मानव समुदायमा आफ्नो लगायत अरुको अधिकारका लागि आवाज उठाउने र अग्रसर हुने प्रेरणा यो दिवसले प्रदान गरोस् र सबै प्रकारका मानवअधिकार हननका घटनाहरु न्यूनीकरण हुँदै भयरहित वातावरणको सिर्जना भई शान्ति र अमनचयन कायम गर्न यो दिन कोसेढुंगा सावित होस् भन्ने कामना गर्दछौं ।

धन्यवाद ।

.............
शंकर लिम्बू

सचिव

अनामनगर, काठमाडौं, नेपाल
फोन नं. ०१-४७७०७१०
ईमेल : lahurnip.nepal@gmail.com
पो.ब.नं. : ११९७५ काठमाडौं